**अनुसूची- २**

(दफा ४तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

बोदेबरसाईन नगरपालिका सप्तरी

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १ मितिः २०७९/६/७

**भाग-२**

बोदेबरसाईन नगरपालिका

नगर सभाबाट पारित निर्यण मितिः २०७९/०६/०५

राजपत्र प्रकाशन मितिः २०७९/०६/७

# बोदेवरसाईन नगरपालिकाको नवौं नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम

# बोदेवरसाईन नगरपालिकाको नवौं नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम

## प्रमुख श्री आतेश कुमार सिंह ज्यु, बाट बोदेवरसाईन नगरपालिकाको नवौं नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को लागि बार्षिक नीति तथा कार्यक्रम

नगर सभाका उप-प्रमुखज्यु,
नगर कार्यपालिकाको सदस्यज्युहरु ,
नगर सभाका सदस्यज्युहरु ,
प्रमुख प्रशासकिय अधिकृत तथा सम्पुर्ण कर्मचारी साथिहरु

**सदस्य महोदय,**

1. **पृष्ठभुमीः**

   मिति २०७९/०१/३० गते स्थानीय तह सदस्यको निर्वाचनबाट निर्वाचित भई आज हामी हाम्रो पहिलो तथा बोदेवरसाईन नगरपालिकाको नवौं नगरसभामा बोदेवरसाईन नगरपालिकाको सार्वाङ्गिन विकासको दिशा निर्दिष्ट गर्न बोदे बरसाईन नगरपालिकाको नीति तथा कार्यक्रम एवं बजेटको बारेमा छलफल गर्ने हामी उपस्थित भएका छौं । यस गरिमामय नगर सभामा आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौर्वानवीत भएको छु ।संघियताको मेरुदण्डको रुपमा रहेको स्थानीय तहलाई बोदेवरसाईन नगरपालिकाको विकास र समृद्धिमा आफ्नो अमुल्य योगदान पुर्याउने हुने पहिलो कार्यकालका जनप्रतिनीधिहरुलाई धन्यावाद दिन चाहन्छु । अतः यस ऐतिहासिक दिनमा बोदे वरसाईन नगरपालिकाको नवौं नगरसभामा उपस्थित हुनु हुने सबै नगर सभाका सदस्यज्युहरु तथा कर्मचारी साथिहरुलाई हार्दिक स्वागत गर्दछु ।

**<u>आदरणीय नगर सभाका सदस्यज्युहरु,</u>**

नेपालको संविधान तथा अन्य प्रचलित कानुनले जनताले पाउने सार्वजानिक सेवा प्रवाह तथा विकास निर्माण कार्यलाई तिव्रता प्रदान गरि छिटो छरितो एवं सहज बनाई उनीहरुको जिवन स्तर उकास्न र स्थानीय सरकार तथा नेपाल सरकार प्रति उनिहरुको विश्वास उच्च कायम गर्न स्थानिय सरकार को परिकल्पना गरी यथेष्ठ अधिकारहरु दिएका छन् ।मुलुक संघियतामा प्रवेश गरे संगै स्थानीय तहको दोश्रो कार्यकालको लागि धेरै चुनौतीहरुको समाना गर्दै निर्वाचनमा निर्वाचित पदाधिकारीहरु आज भेला हुनु भएका सभा सदस्यहरुको गरिमामय उपस्थितिका लागि म यहाँहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। हामी बोदे बरसाईन नगरपालिकाको सममानीत नवौं नगर सभामा अगामी आर्थिक वर्ष २०७९/८० को नीति, कार्यक्रम तथा बजेटको बारेमा छलफल लागी उपस्थिति भएका छौं ।

## २. आ.व २०७८/७९ को नीति तथा कार्यक्रमको समिक्षा

**<u>आर्थिक क्षेत्र:</u>**

आ.व.२०७८/७९ मा कृषि ,पशु सहकारी र पर्यटन क्षेत्रमा वृद्धि गर्ने उदेश्यले गरेको रकम विनियोजनलाई विभिन्न शिर्षकहरुमा कृषकहरुलाई सेवा प्रवाह गरिएको छ ।प्रधानमन्त्री स्वरोजगार कार्यक्रमहरुद्धारा वेरोजगार युवाहरुलाई रोजगारी सृजना गरी आर्थिक वृद्धिमा टेवा पुर्याएको छ ।गरीवि निवारणका लागि लघु उद्यम विकास, भौतिक पूर्वाधार तर्फ पनि विभिन्न वडाहरुको मुल सडक तथा सहायक सडकहरु आर सि सि तथा सडकहरुको स्तरनोती  लगायत सार्वाजानिक भवनहरु समेत निर्माण भएको अवस्था रहेको छ ।यसै गरी गरीवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम मार्फत जनतालाई सीप सिकाइ उद्यमी बनाएका छौं ।

**कार्यक्रमका सवल पक्षहरु**

- युवाहरुलाई उत्पादन मुलक कृषि, पशु र व्यवसायिकतामा जोड दिएको छ ।
- कृषिमा आधुनिक विउ र प्रविधि प्रयोगमा वृद्धि भएको छ ।
- बाख्रापालन , माछापालन र कुखुरापालनमा व्यवसायिकता बढेको छ ।
- पशु स्वास्थ्य सुविधामा सहजता भएको छ ।
- कृषि र पशुपालनमा व्यवसायिकताको सचेतना बढेको छ ।
- किसान सुचिकरण तथ्याङ्क संकलन भएको छ ।
- बेमौसमि अविरल बर्षाले किसानहरुलाई पुगेको क्षतिको तथ्याङ्क संकलन गरेको छ ।

**कार्यक्रमका चुनौतीहरुः**

- युवाहरुमा श्रम प्रति सम्मानको भावना जागृत गराउनु ।
- कृषकहरुलाई सहजरुपमा प्राविधिक सहयोग उपलब्ध गराउन सकिएको छैन ।
- समयमा आधुनिक बिउ, उपकरण, बेर्ना उपलब्ध गराउन सकिएको छैन ।

## सामाजिक क्षेत्रः-

शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति प्रवर्द्धन, खेलकुद सामाजिक सामावेशीकरण जस्ता क्षेत्रहरुमा रकम विनियोजन गरी, कक्षा कोठामा शिक्षक विद्यालयमा अभिभावक कार्यक्रम, विद्यालय भौतिक संरचना निर्माण, स्वास्थ्य संस्था पूर्वाधार निर्माण, घुम्ती स्वास्थ्य शिविर, जेष्ठ नागरिक स्वास्थ्य जाँच तथा औषधी वितरण, खा.पा. योजना निर्माण तथा मर्मत, मन्दिर निर्माण तथा मर्मत , लक्षित वर्ग कार्यक्रमहरुलाई संचालित रहेका छन् ।

**कार्यक्रमका सवल पक्षहरु**

- विद्यालयहरुमा शैक्षिक जनशक्तीको दरबन्दी मिलान कार्य भएको छ।
- सरोकारवालाहरुको शैक्षिक सुधारमा जवाफदेहिता बढेको छ ।
- भौतिक पूर्वाधारमा आत्मनिर्भरता बढेको छ ।
- स्वास्थ्य सेवामा पहुँच विस्तार भएको छ ।
- विपन्न र दीर्घ रोगीहरुलाई उपचारमा सहजता भएको छ ।

**कार्यक्रमका चुनौतीहरु**

- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा अभिभावकहरुलाई संलग्न र जवाफदेही बनाउन सकिएको छैन ।
- शैक्षिक सुधार कार्यक्रमको व्यापक प्रचार तथा अपन्तव ग्रहण गर्न सकिएको छैन ।
- लक्षित वर्गको कार्यक्रमहरुमा नगदी मानसिकता कायम छ ।

## पूर्वाधार क्षेत्रः

स्थानीय सडक, बाटो ,भवन, सिँचाई जस्ता पूर्वाधार विकासका क्षेत्रमा रकम विनियोजन गरी नगर स्तरीय कार्यक्रम , पिसिसि बाटो निर्माण आरसिसि बाटो लगायत भवन निर्माण  तथा मर्मत कार्यक्रमहरु संचालित रहेका छन् ।

**कार्यक्रमको सवल पक्षहरुः**

- नगरपालिकाकव प्रशासकीय भवन निर्माण भएको छ ।
- वडा नं ४ को खानेपानी टयाङ्की निर्माण भएको छ।
- वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुको भौतिक संरचनालाई व्यवस्थित पारिएको छ ।
- साना- ठुला सडकहरुको निर्माण भएको छ ।

**कार्यक्रमका चुनौतीहरु**

- स्थानीय सडकहरुको निर्माणमा जग्गा विवादका कारणले कार्यहरु गति लिन नसक्नु ।
- आवश्यकताको आधार भन्दा पनि प्रतिस्पर्धाको आधारमा बाटो माग गर्ने प्रवृति बढने संभावना देखिनु ।
- निर्माण कार्यको प्रकृयागत चरणहरुको परिपालनामा उदासिनता देखाउनु ।

## संस्थागत विकास सेवा प्रभाव र सुशासन लगायत अन्य कार्यक्रम

लोकतान्त्रिक मुल्य-मान्यता अनुरुप स्थानीय सरकारबाट प्रवाह हुने सेवाहरुको सुचना, सार्वजानिक सुनवाई, सार्वजानिक परीक्षण , तथ्याङ्ग संकलन र व्यवस्थापन कार्यक्र संचालित रहेका छन् ।

**कार्यक्रमका सवल पक्षहरु**

- वेभ साईट मार्फत सुचनाहरु सार्वजानिकरण गरिएको छ ।
- नागरिक वडापत्र अनुसार सेवा प्रवाह गरिएको छ ।

**कार्यक्रमका चुनौतीहरु**

- सामाजिक संजाल तथा अनलाईन मार्फत सुचनाहरु हेर्ने परिपाटी बसाल्नु ।
- उपभोक्ता समितिहरुलाई बढी पारदर्शी बनाउनु ।
- जन सहभागिता र श्रमदान नहुँदा समितिहरुलाई योजना सम्पन्न गर्न जटिल भएको छ ।

# अव म अगामी आर्थिक वर्ष२०७९/८० को लागि प्रस्तावित नीति तथा कार्याक्रम प्रस्तुत गर्न चाहन्छु ।

**सोच Vision**

- दिगो पुर्वाधार विकास कृषिमा व्यवसायिकता, शिक्षा, स्वास्थ्यमा जवाफदेहिता, युवा श्रमशिलता र सुशासनको माध्यम द्धारा बोदेवरसाईन नगरपालिकाको समृद्धी ।
- स्वच्छ बोदेवरसाईन, सुन्दर बोदेवरसाईन, समृद्ध बोदेवरसाईन ।

**गन्तव्य ( Mission )** पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास, वातावरण तथा फोहोरमैला व्यवस्थापन तथा सुशासनको सुधार मार्फत मानवीय विकास सुचकांकमा स्तरोन्नती गर्दै, दिगो , फराकिलो, समावेशी समन्याय विकास हासिल गर्ने ।

## लक्ष्यः

- खाद्य बालीमा आत्मनिर्भरता, तरकारी, फलफुल, पशुपालनमा व्यवसायिकताको माध्यम द्धारा प्रति व्यक्ति आम्दानीमा वृद्धि गर्ने ।
- सामुदायिक शिक्षा र स्वास्थ्य सेवामा जवाफदेहिता, योजनावद्ध पर्यटकीय र पूर्वाधार विकास र समावेशिता प्रशासनमा सुशासनको माध्यम द्धारा दिर्घकालीन आर्थिक समृद्धी प्राप्त गर्ने ।

## उदेश्यः

- स्थानीय सडकहरुको निर्माण कार्यमा तिव्रता, हुलाकी सडकको स्तोरनतिमा सहकार्य गरी आर्थिक उन्नतीको आधार बनाउने ।
- विद्यालयहरुको भौतिक सुधार गरी , सामुदायिक विद्यालयहरुको गुणस्तर सुधारमा सरोकार पक्षलाई जवाफदेही वनाउने ।
- कृषि,लघु उद्यम, पर्यटन जस्ता आय मुलक क्षेत्रहरुमा युवाहरुलाई संलग्न गराई स्वरोजगारी सृजना गरिने ।
- महिला, दलित, अपाङ्गहरुका लागि आर्थिक सशक्तिकरणका कार्यक्रमहरु संचालन गरी आत्मनिर्भर वनाउने ।
- स्वास्थ्य सूचकहरुमा सुधार ल्याउन स्वास्थ्य संस्थाहरुको सुदृढीकरण, सेवा विस्तार सरसफाईको सुनिश्चिताको माध्यम द्धारा विपन्नता घटाउने ।
- नगरको मौलिक विशेषता र पहिचान प्रवर्द्धन गर्ने ।
- सामाजिक सुरक्षा र दिगो शान्तिको विकास ।

**क) आर्थिक विकासः**

**१.कृषि तथा पशुपन्छी**

- कृषि उपजहरुको आर्गानिक उत्पादन गर्ने कार्यलाई प्रोत्साहित गरिने छ ।
- बैदेशिक रोजगारीबाट फर्केका युवाहरुको पहिचान गरी उनिहरुको रुचि तथा सीप विकास अनुभव बमोजिम उनीहरुलाई आर्गानिक खेति र कृषि व्यवसायमा आकर्षित गर्न विशेष कार्यक्रम ल्याईनेछ ।
- कृषि विकास मार्फत यस नगरको अर्थतन्त्र सवलीकरण गर्न परम्परागत कृषि प्रणालीबाट आधुनिक कृषि प्रणालीबाट आधुनिक कृषि प्रणालीमा रुपान्तरण गर्न कृषिको व्यवसायीहरण तथा यान्त्रीकरणमा जोड दिईने छ ।
- सहकारीमा आधारित खेती प्रणालीलाई प्रोत्साहन गर्न सहुलियत व्याज अनुदानको नीति लिईनेछ ।

- कृषि उत्पादन संगै त्यसको व्यवस्थित बजारीकरणको लागि कृषि सहकारीसंग मिलेर कृषि बजार प्रर्वधन योजना ल्याईनेछ ।
- आफ्नो घरको छतमा तरकारी खेती गर्ने प्रणाली कौसी खेती को विकास गर्ने प्रोत्साहन गर्ने नीति लिईनेछ ।
- व्यवसायीक  कृषकहरुलाई अनुदान भन्दा सहुलियत कृषि उपलब्ध गराउन छलफलबाट उचित नीति लिईनेछ ।
- नगरपालिकको उपयुक्त स्थान छनौट गरी पशु बधशाला स्थापना गरी निजी क्षेत्रको साझेदारीमा संचालन एवं व्यवस्थापन गर्ने नीति लिईनेछ ।
- पशुपंक्षी पालन व्यवसाय क्षेत्र तोकी वातावरण प्रतिकुल प्रभाव नपर्ने गरी कार्य गर्न व्यवसायिक कृषकहरुलाई सहयोग पुर्याउने नीति लिईनेछ ।
- सामुदायिक छाडा पशु र कुकुरहरुको उचित व्यवस्थापनको लागि Land Field site निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ अगाडी बढाउने नीति लिईनेछ।

## २.सहकारी

- सहकारीहरुको नियमन तथा ब्यबस्थापनको लागि सहकारी कार्यमूलक योजना ( Cooperative Action Plan )ल्याईनेछ ।
- सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धिका लागि एकीकरण गर्ने कार्यलाई अगाडि वढाईने छ ।
- अनौपचारिक क्षेत्रमा संल्गन महिला, दैनिक ज्यालादारीमा कार्य गर्ने मजदुरहरुलाई सहकारीमा आवद्ध गराउन विशेष कार्यक्रमको व्यवस्था गरिने छ।तरकारी ,निर्माण तथा स्वास्थ्य क्षेत्रमा आधारित उपभोक्ता , श्रमिक र उत्पादक सहकारी संस्था प्रवर्द्धनमा जोड दिईने छ ।
- उपभोक्ताको गुणस्तरीय तरकारी तथा खाद्यवस्तुको उपभोग गर्ने हक सुनिश्चित गर्न प्रत्येक वडामा कम्तिमा एक नमुना उपभोक्ता सहकारी स्थापना गरि सो मार्फत थोक बजार संचालन तथा प्रवर्द्धन गरिने छ।

## ३.उद्योग र बाणिज्य

- स्थानीय समुदाय , निजी क्षेत्र , सुरक्षा निकाय , यातायात व्यवसायीसंग सहकार्य गरी आर्थिक तथा पर्यटन क्षेत्रमा योगदान दिने निश्चित क्षेत्रहरुसंग विशेष छलफल गरी आवश्यका नीतिगत तथा पुर्वाधारको व्यवस्था गरिनेछ ।

- उद्योगी, व्यवसायी तथा स्थानीय समुदायसंगको सहकार्यमा विभिन्न अवसरमा स्वदेशी उत्पादनको व्यपार प्रर्वद्धन मेला आयोजना गरिनेछ ।

**४. खानी र खनिज**

- जथाभावि अनियन्त्रित रुपमा भईरहेको बालुवा, माटो उत्खन्नलाई रोकिनेछ र खानी र खनिज पदार्थ सम्बन्धी सुचना तथा तथ्याङ्क संकलन , अभिलेखिकरण तथा व्यवस्थापन लागयतका कार्य प्रारम्भ गरिनेछ ।
- खरक तथा बलान नदीहरुबाट नदी जन्य पदार्थहरुको ठेक्का मार्फत कर दस्तुर शुल्क असुली गर्ने नीति लिईनेछ ।

**५.रोजगार प्रवर्द्वन तथा गरिवि न्युनिकरण**

- विभिन्न बिषयगत क्षेत्रहरुका लागि आवश्यकताका आधारमा नगरपालिका स्तरीय **एकीकृत सीप विकास कार्यक्रम** संचालन गरिनेछ ।
- नगरपालिकामा स्थायी बसोवास गर्ने न्युन आय भएका स्वरोजगार हुन ईच्छुक व्यक्ति वा समुहहरुलाई सघन व्यवसायिक तालिम प्रदान गरी आफैले व्यवसाय संचालन गर्न आवश्यक विउ पुँजी सहुलियत ऋणको रुपमा व्यवस्था गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आन्तरीक श्रोत समेत थप गरी प्रभावकारी बनाईने छ ।रोजागरी सहितको सीपमुलक तालिमहरु मार्फत् युवाहरुलाई स्वरोजगार बनाईनेछ ।

## ख) सामाजिक विकास

**१.शिक्षा**

"**<u>शैक्षिक गुणस्तर सुधारको सपाना, बोदे बसराईन नगरपालिकाको परिकल्पना "</u>** भन्ने मुल नारा सहित शैक्षिक क्षेत्रमा व्यापक सुधारसँगै विकासको नीति लिईनेछ ।

- प्रत्येक बडाबाट १ विद्यालयलाई सुचकका आधारमा छनौट प्रविधि मैत्री पुस्तकालयको स्थापना गर्न उचित नीति लिईनेछ ।
- नगरवासीको सम्पुर्ण नागरिकहरुको नानी बाबुहरुलाई शिक्षामा पहुँच सुनिश्चिता गर्न विद्यालय भर्ना अभियानलाई तिब्र बनाउन विशेष नीति लिईनेछ ।
- विद्यालयको वार्षिक उत्सव गर्ने नीति लिने र पुर्ण साक्षर नगर बनाउने कार्यलाई निरन्तरता दिनेछ ।
- बालश्रमलाई पुर्ण रुपमा न्युनिकरण गर्न बालमैत्री विकास कार्यक्रमलाई प्रमुखताका साथ अगाडी बढाईने छ ।यसको लागि **नगर बाल प्रोफाईल** तयार गरिने छ ।
- संस्थागत विद्यालयको मापदण्ड तोकि नियमन गरिनेछ ।

- सामुदायिक विद्यालयमा विधुत, इन्टरनेट , स्वच्छ खानेपानी तथा घेरावाउ कार्यलाई निरन्तरता दिनेछ ।
- प्रदेश सरकारद्धारा अगामी आ.व देखि ल्याईएको कार्यक्रम कक्षा-१२ को छात्राहरुलाई १ Laptop वितरणमा सहकार्य गर्ने नीति लिईनेछ ।
- सामुदायिक विद्यालयका प्र.अ. र सो विद्यालयको विद्यालयको व्यवस्थापन समिति सित सिकाई कार्ययोजना करार सम्झौता गरिने छ
- प्रत्येक वडामा **१ वटा नमुना प्रा.वि.** संचलान गर्ने नीति लिईनेछ ।
- **"दिवा खाजा कार्यक्रम"** लाई विषेश प्राथमिकतामा राखि शिक्षा क्षेत्रलाई हेरिनेछ ।
- निःशुल्क स्नाटेरी प्याड वितरण कार्यलाई निरन्तरता दिनेछ ।
- शिक्षित वेरोजगार युवाहरुलाई सरकारी सेवामा प्रवेश गराउने उदेश्यले लोक सेवा आयोग ,शिक्षक सेवा आयोग जस्ता परीक्षालाई लक्षित गरी कोचिङ्ग र तालिम कार्यक्रम संचालन गरिनेछ ।
- शिक्षकहरुको पेशगत क्षमता विकास गर्न पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ ।

**२. स्वास्थ्य**

- प्रत्येक नागरिकको घरदैलोमा घुम्ति स्वास्थ्य सेवा प्रदान गर्न **जनता स्वास्थ्य परीक्षण कार्यक्रम सवै वडाहरुमा कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।**
- स्वच्छ समाज स्थापना गर्न स्वस्थ्य रहौं सफा रहौं , स्वास्थ्य क्षेत्रमा आमुल सुधार गरौं भन्ने अभियान संचालन गरी आम नागरिकहरुको सहभागीतामा " **गाउँ टोल वस्ती सफा ,नगरसफा "** को कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- नगर क्षेत्रमा एम्बुलेन्स सेवालाई विस्तार कार्यलाई निरन्तरता दिईने छ ।
- नगरबासीलाई स्वस्थ्य राख्ने उदेश्यले बोदे बरसाईन बजारमा स्थपाना भएको **ॐ पतंजली योग भवन**लाई थप व्यवस्थित पार्ने नीति अवलम्वन गरिनेछ ।
- स्वास्थ्य कर्मीहरुको क्षमता विकासको कार्यक्रम संचालन रएक गाउँ एक क्लिनिकको कार्यलाई अगामी आर्थिक वर्षमा समेत निरन्तरता दिईने छ ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई नेपाल सरकारको घोषणा अनुसार सबै जनतामा पुर्याउन सचेतना वा जागरणका कार्यक्रम संचालनलाई निरन्तरता दिईने छ।
- **पूर्ण संस्थागत सुत्केरी युक्त नमुना बस्ती वडा घोषणा कार्यक्रम** लागु गर्न पहल गरिने छ ।
- विपन्न, असहाय, जेष्ठ नागरिक र महिलाको स्वास्थ्य जाँचको लागि स्वास्थ्य शिविर (Health Camp )संचालनलाई निरन्तरता दिईने छ ।

## ३ युवा खेलकुद तथा मनोरंजन

- युवाहरुको शारीरिक तन्दरुस्तीको लागि नगर खेलकुद विकास समिति मार्फत पालिका स्तरीय तथा नगर प्रपुख स्तरीय विभिन्न खेदकुदहरुलाई विशेष प्राथमिकता दिईने छ।
- रोजगारमुलक तालिम, शिक्षा र प्रविधि हस्तान्तरण कार्यक्रम अगाडि बढाईनेछ ।
- नगरपालिका अन्तर्गत रहेका पोखरीहरुको वरीपरी Fun Park को गरूयोजना बनाउने प्रकृया अगाडी बढाउने छ ।
- बालबालिककाको खेल प्रति मनोबल बढाउन बाल क्लवको स्थापना गरी आवश्यक खेलकुद सामाग्रीहरु वितरण गरीने छ

## ४ लैङ्गिक समानता तथा समाजिक समावेशिकरण (लक्षित समेत)

**" बाल विवाह र महिला हिंसा प्रति शुन्य सहनसिलता "** भन्ने मुल नाराको साथ समाजिक रुपमा पछाडि परेका महिला, बालवालिका, विपन्न वर्ग तथा समुदायलाई राष्ट्रिय मुलधारमा ल्याउन विशेष कार्यक्रमहरु गरिनेछ ।

- महिलाहरु मार्फत प्रवर्द्धन हुने गरी मागमा आधारित र स्वरोजगारको लागि पुँजि सिप र उद्यमशिलता तालिमको सुनिश्चितता गरने छ ।
- लघु उद्यम विकास कार्यक्रममार्फत महिलाहरुलाई सीपयुक्त उद्यमी बानाई उत्पादकहरुको उचित बजारीकरण गरिने छ ।
- महिला जनजाति र विपन्न वर्गको सशक्तिकरण तालिम लागयत लोकसेवा कक्षा संचानलनको लागि बजेट विनियोजन गरिनेछ ।

### ४.१ महिला

- एकल महिला सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ ।
- लैङ्गिक हिंसा र मानव बेचविखन जस्ता समाजिक अपराधजन्य कार्यलाई नियन्त्रण र निरुत्साहित गरिनेछ ।
- एकल महिला तथा विधवा महिलाको समाजिक सुरक्षा भत्तामा सहजिकरण गरिनेछ ।
- **बेटी पढाउ, बेटी बचाउ "** जस्ता गौरवमय अभियानलाई कार्यन्वयनमा विशेष ध्यान दिनेछ ।
- शारिरीक रुपमा सक्षम एकल महिलालाई लघु उद्यम विशेष सीपहरु प्रदान गरी आर्थिक रुपमा सक्षम बनाईनेछ ।

### ४.२ बालवालिकाः बालमैत्री स्थानीय शासन

- नेपालको संविधान बमोजिम बाल-बालिका मौलिक हकको सुनिश्चितताको लागि विशेष ध्यान दिईने छ ।
- भोकै कोही पर्दैन, भोकले कोही मर्दैन भन्ने नारा सहित नगरभित्र सडक आश्रित मानव उद्धार

गर्ने कार्यलाई निरन्तरता दिने र यस कार्यलाई स्थायित्व दिन अन्य स्थानीय तहसँग सहकार्य तथास्थानीय स्तरमै ब्यबस्थापन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

- महिला सचेतना तथा क्षमता विकास कार्यक्रमलाई प्राथमिकतामा राखी सञ्चालन गर्न महानगर महिला सहजीकरण केन्द्र स्थापना गरिनेछ ।

## ४.३ जेष्ठ नागरिक , दलित तथा अशक्त/ अपांगता

- अगामि आ.व देखि समाजिक सुरक्षा भत्ता बैङ्क मार्फत वितरण कार्यलाई निरन्तरता दिईने छ।। साथै ७० वर्ष उमेर नाघेको जेष्ठ नागरिकहरुलाई घर घरमा जनप्रतिनिधि तथा कर्मचारीहरुको सहकार्यमा परिपच पत्र बनाउने कार्यलाई जोड दिनेछ ।
- जेष्ठ नागरिक को अभिलेख संकलन र परिचय पत्र वितरण कार्यलाई सरल सहज र व्यवस्थित बनाईनेछ ।
- सामाजिक सुरक्षा भत्ता स्वेच्छाले नलिने जेष्ठ नागरिक तथा अन्य लाभग्राहीलाई उचित सम्मान गरिने छ ।
- दलित समुदायको लागि एकिकृत नमुना बस्ती बनाई व्यवस्थापन गरिने छ ।
- **मेयर संग दलित समुदाय कार्यक्रम**मार्फत् दलित समुदायको महिला बालबालिकाको हक अधिकार सुनिश्चित गर्न सीप विकास तथा लोकसेवा तयारी कक्षामा विशेष ध्यान दिने छ।
- दलित र अपाङ्गगता भएका व्यक्तिहरुको समानुपातिक प्रतिनिधित्वको सुनिश्तिता गर्दै लक्षित वर्गको सामाजिक तथा आर्थिक उन्नतीको लागि कार्यक्रमहरु संचालन गरिने छ ।यस क्षेत्रका युवाहरुलाई स्वरोजगार र सरकारी सेवामा पहुचका लागि लोकसेवा तयारी कक्षा र सीपमुलक तालिमको व्यवस्था गरिने छ ।

## ४.४ संस्कृति सम्पदा तथा पर्यटन प्रवर्द्धन

- **"आर्थिक समृद्धिमा पर्यटन"**भन्ने मुलमन्त्रलाई आत्मसाथ गरी पर्यटन प्रवर्द्धनको माध्यमबाट स्थानीय जनताको जिवनस्तर उकास्न पर्यटन पूर्वाधारको संरक्षण, सम्बर्द्धन र विस्तारमा जोड दिने नीति लिईने छ ।
- आन्तरिक तथा बाह्य पर्यटकमाझ बोदेवरसाईनलाई चिनाउन लक्ष्मी नारायण मन्दिर तथा लहरी पोखरी क्षेत्रको निर्माण कार्यलाई अगाडी बढाईनेछ ।
- आन्तरिक पर्यटन प्रबर्द्धन गर्न विशेष कार्यमुलक योजना बनाई कार्यान्वयन गरिने छ । यसको सुरुवात लहेरी पोखरीको सौन्दर्यिकरणद्धारा गरिनेछ ।
- बोदेवरसाईन बरसाईन नगरपालिका भित्र पर्ने ऐतिहासिक, पुरातात्विक साँस्कृतिक बोकेका वडा नं ७ मानराजाको राजा जि बाबा मन्दिरलाई व्यवस्थित पार्न विशेष जोड दिनेछ ।

- नगर क्षेत्रभरीका मठ-मन्दिरहरुलाई व्यवस्थित पर्न मन्दिनर व्यवस्थापन समिति गठन गरी मन्दिरको आम्दानीलाई व्यवस्थित गरिने छ ।

## ग) पूर्वाधार विकास

- नगर क्षेत्र भित्र उज्यालो वोदेवरसाईन कार्यक्रमलाई संचालन गरी अगामी आ.ब.मा सबै वडाको सडकमा गुणस्तरयुक्त LED बत्ती जडान गरिनेछ ।
- अगामी आ.ब.वडा कार्यालय नभएका वडाहरुमा व्यवस्थित वनाई सेवा प्रवाह गरिने छ ।
- नगरपालिकाको वजार क्षेत्रमा ई-रिक्सा चार्ज गर्ने चार्जिङ्ग स्टेशन गर्न निजीक्षेत्र र ई- रिक्सा व्यवसायीबिच सहकार्य गरिने छ ।
- नगर क्षेत्रको सडकहरुमा प्राविधिक सम्भावयताको आधारमा पिसिसि ढलान नगर्ने र सो स्थानहरुमा आवश्यकता अनुसार ईट्टा ढुङ्गा र मोजाईक टाईल पेयर्स ईन्टरलक टाईल छाप्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- सम्पुर्ण वडा कार्यालयको प्रोफाईल बनाई विकास निर्माणको कार्ययोजना तयार गरिने छ ।
- दिगो विकासको लागि StrategicEnvironment Assessment SEA गरिनेछ ।
- जमिनको खण्डिकरण गरी प्लाटीङ्गबाट हुने गरेको अव्यवस्थित बसोबासलाई नियमन गर्न भु-उपयोग नीति तयार गरी कार्यान्वयनमा ल्याईने छ ।
- एक वाड एक हरियाली पार्क निर्माण कार्यक्रमलाई अगाडि बढाउन उपयुक्त गुरुयोजना बनाईनेछ ।
- नयाँ निर्माण भएका संरचनाहरुको व्यवस्थापन एवं संरक्षण गर्ने दायित्वलाई ध्यानमा राखि मर्मत सम्भार गर्नुपर्ने सडक पूर्वाधारको परिमाण वा क्षेत्रलाई मध्यनजर गर्दै नगरपालिकामा एक मर्मत एकाइ शाखा स्थापना गरी सम्पुर्ण भौतिक पुर्वाधार जस्तै कालोपत्रे सडक ग्राभेल सडक भवन सिँचाई कुलो खानेपानी आदि सम्बन्धी आयोजनाहरुको संचालन एवं कार्यान्वयन मर्मत सम्भार शाखाबाट सम्पादन गरिने छ र यसका लागि यसै आ.ब. मा आवश्यका निर्देशिका र जनशक्तिको समेत व्यवस्थापन गरिनेछ ।
- आर्शेनिकयुक्त पानीको कारण जोखिम देखिएका ग्रामिण क्षेत्रमा चापाकलको विकल्पमा खानेपानी ट्यांकी निर्माणका लागि संघीय तथा प्रदेश सरकारसंग प्रस्ताव पेश गरिनेछ ।त्यसका लागि उपयुक्त ठाउँको छनौटगरी खानेपानी उपभोक्ता समिति मार्फत काम अगाडी बढाउन प्रकृया थालनी गरिनेछ ।चापाकल वितरण कार्यलाई निरुत्साहित गर्दै लगिनेछ ।सार्वाजनानिक स्थलमा चापाकल जडान गर्न उपभोक्ता समिति मार्फत कार्य अगाडी बढाईने छ ।

- बरसाईन बजारमा निजी क्षेत्रसंगको सझेदारी BOOT SYSTEM मा पार्कि समेतको उपयुक्त संरचना निर्माणका लागि प्रस्ताव आह्वान गरिने छ ।
- बोदेवरसाईन नगरवासीहरुको लागि कृषीमा अधारित सहुलित ऋणको लागि सरोकालबाला निकायसंग समन्वय र सहकार्य गरिनेछ ।
- बैज्ञानिक तरिकाको खेति योग्य जमिनमा आधुनिक सिंचाईको व्यवस्था गरिनेछ ।
- उपभोक्ता समितिबाट संचालन आयोजनामा श्रमदानलाई निरन्तरता दिनेछ ।
- कृषकहरुको लागि कृषि मिटरमा नगरपालकाबाट विशेष पहल गरिनेछ ।

## घ) वातावरण तथा विपद् व्यवस्थापन

- नगरपालिका क्षेत्र भित्र रहेको सार्वाजानिक जग्गाको संरक्षण गर्दै बाझो , पर्ति, नदी किनारा जस्ता भुभागमा वृक्षारोपण गरी जैविक विविधताको संरक्षण , वातावरण संरक्षण र व्यवस्थापन तथा भू-क्षय नियन्त्रण गरिनेछ ।
- जलवायु परिवर्तनबाट वातावरण तथा विकासमा पार्न सक्ने प्रभावहरुको न्युनिकरणको लागि सचेतनामुलक तथा अनुकुलताका कार्यक्रमहरु Climate Change Adoption Programme संचालन गरिने नीति लिईनेछ ।
- सार्वाजानिक जग्गा तथा नदीका किनारहरुको उपयुक्त स्थानहरुमा हरियालि तथा वतावरण स्वच्छता कार्य गर्न एभोकाडो का विरुवाहरु रोप्ने नीति लिईनेछ ।
- विपद जोखिम न्युनिकरण कार्यविधि पारित भैईसकेकोले नगर स्तरीय/वडा स्तरीय विपद व्यवस्थापन समिति गठन गरी विपद व्यवस्थापनको क्षेत्रमा क्रियाशिल बनाईने छ ।
- विपद व्यवस्थापन अन्तर्गत जोखिम न्युनिकरण लगायत विपद व्यवस्थापनको कार्यहरु योजनावद्ध ढंगबाट विपद व्यवस्थापन योजना Disaster Risk Management Plan बनाई कार्यन्वयनमा ल्याईनेछ ।यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- नगरक्षेत्रबाट निस्कने फोहोरलाई सरोकारबालाहरुको सहयोग एवं साझेदारीमा वर्गिकरण गरि Re-Use, Re-Duce , Re-Cycle मार्फत फोहोरलाई मोहरमा रुपान्तरण गरिने नीति लिईनेछ ।
- नगरलाई स्वचछ र हराभरा बनाउन एक घर दुई विरुवा रोप्ने अभियानलाई कडाईका साथ लागु गरिनेछ ।
- नगरभित्रका मुख्य र सहायक सडकहरुको दायाँ र बायाँ स्थानिय समुदायहरुको सहकार्यमा अनिवार्य रुपमा हरियो विरुवा लगाउने नीति लिईनेछ ।
- विषद व्यवस्थापनको लागि तराई क्षेत्रमा चलिने चैत्र-बैशाखको हवाहुरुले हुने आगलागिको जोखिमलाई मध्यनजर गर्दै बारुण यन्त्रको संचालन गर्ने नीति लिईनेछ ।

- भूकम्प, बाढी, आगलागि जस्ता प्राकृतिक प्रकोपका कारण वा जिर्ण भई बसोवास गर्न नमिलने अवस्थाको घरहरुको स्थलगत प्रतिवेदन लिई बस्न अयोग्य भएका घरहरुलाई प्रतिवेदनका आधारमा सम्पति कर छुट दिईनेछ ।त्यस्तो छुट सुविधा लिएका घरहरुबाट मानवीय क्षति हुन नदिन अनिवार्य रुपमा भत्काउने व्यवस्था लागु गरिनेछ ।

## ङ.) संस्थागत विकास,सेवा प्रवाह र सुशासन

- बोदेवरसाईन नगरपालिकाको संगठन संरचनालाई आवश्यकता बमोजिम पुनरावलोकन गरी सबै तहका कार्मचारीहरुको कार्यविवरण बनाई लागु गरिनेछ ।कर्मचारीको कामको मूल्याङ्कन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै कार्यसम्पादन स्तर र कार्यदक्षतालाई आधार लिई सरुवा र बढुवा गर्ने नीति लिईनेछ ।
- कर्मचारीको क्षमता विकास, वृति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही , प्रतिस्पर्धी र उत्प्रेरित बनाईनेछ ।
- कर्मचारीको सरुवालाई अनुमानयोग्य, पारदर्शी र न्यायोचित बनाईनेछ ।
- नगरकार्यपालिका र वडा कार्यालयमा रहि स्थानीय जनसमुदायलाई अहोरात्र र कार्यबोधको कारण कर्मचारीहरुलाई अतिरिक्त समय लगायत सार्वाजानिक विदा दिन समेत कार्य गर्नुपर्ने भएकोले उच्च मनोबलका उच्च पार्न स्थानीय भत्ता उपलब्ध गराउने छ ।
- नगर भरीको सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउन कर्मचारीहरुलाई आवश्यकताको आधारमा थप ईन्धनको व्यवस्था गरिनेछ ।
- बोदेवरसाईन नगरपालिकाबाट प्रवाह गरिने सार्वजानिक सेवालाई स्वच्छ ,निश्पक्ष र पारदर्शी र सेवाग्राहीमैत्री बनाई महत्वपुर्ण जिम्मेवारीमा रहेका कम्तिमा अधिकृतस्तरका कर्मचारीहरुसंग कार्यसम्पादन सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिनेछ ।
- नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा अनिवार्य CCTV को व्यवस्था गरिनेछ ।
- प्रत्येक वडा कार्यालयहरुमा र नगरपालिकामा डिजिटल नागरिक वडापत्र व्यवस्था गरिनेछ ।
- न्यायीक समितिको काम कारवाहीलाई अझ थप प्रभावकारी बनाउन पदाधिकारीहरुको क्षमता विकास तथा आवश्यक्तानुसार थप जनशक्ती व्यवस्थापन गरिनेछ ।
- मापदण्ड सुचक सहितको नतिजामा आधारित अनुगमन मुल्याङ्कन प्रणालीलाई संस्थागत बनाई दण्ड र पुरस्कारको व्यवस्था गर्ने परिपाटीको विकास गरिनेछ ।
- सेवाग्राही मैत्री प्रणालीको विकास गर्न मुस्कान सहितको सहायता कक्षको व्यवस्था गरिनेछ ।

- नगरपालिकामा कार्यरत उत्कृष्ट कर्मचारीलाई पुरस्कार गर्ने नीति लिईनेछ ।
- सेवा प्रवाहमा सुधार ल्याउन निकासा, खर्च प्रणाली ,योजना व्यवस्थापन र जिन्सी व्यवस्थापन जस्ता कार्यको लागि सफ्टवेयरको मार्फत संचालन गरिनेछ ।
- टोल विकास संस्था गठन गरी नगरपालिकामा नै दर्ता गरी नगरको सेवा प्रवाहमा समाहित गरिनेछ ।
- उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिहरुलाई पुरस्कृत गर्ने नीति लिईनेछ ।

**(च) कानुन तथा न्याय**

- नगर प्रहरी तथा प्रहरी हवल्दार चा.लु आ.व मा करार सेवामा नियुक्त भएकालाई नेपालको संविधान, २०७२ को धारा १२६ बमोजिम नगर प्रहरी ऐन - नियमावली निर्माण गरी नगरको शान्ति सुरक्षा र जनसेवा तथा गनर प्रहरीको संचालन तथा व्यवस्थापन नीति कानुनबमोजिम नगर हितकारी कार्य गर्ने कामलाई व्यवस्थित गरिनेछ ।
- असहाय र अन्यायमा परेकाहरुलाई निशुल्क कानुनी परामर्शका लागि आवश्यक व्यवस्था मिलाउनेछ ।
- प्रत्येक वडामा एक विवाद तथा मेलामिलाप केन्द्र स्थापना गरी न्याय सम्पादन कार्यलाई प्रभावकारी बनाईनेछ ।
- आगामि आ.व. मा न्यायीक समितिको सचिवालय  व्यवस्थापन गरी न्याय, कानुन, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थकर्ता निर्णय तथा फैसला कार्यन्वयनलाई व्यवहारीक रुपमा कार्यान्वयनमा ल्याईनेछ ।
- न्यायीक निर्णय तथा फैसला कार्यान्वयनको लागि न्यायिक इजलास लगायतका  भौतिक संरचना निर्माण, संस्थागत क्षमता विकास र संगठनिक संरचना निर्माणको कार्यलाई जोडदार रुपमा अगाडी बढाईनेछ ।
- न्यायीक ईजलास स्थापना गरिनेछ ।

## वित्तिय क्षेत्रः राजश्व परिचालन ,वित्तिय व्यवस्थापन तथा सुशासन

- राजस्व नै नगरपालिकाको श्रोत हो । प्राप्त कर र गैह्र करको दुरुपयोगको चासो र चिन्ता जनताहरुको अधिकार हो । तसर्थ व्यवस्थित र प्रगतिशिल कर नीति र दररेट निर्णय गरी लागु गरिनेछ ।
- नगरपालिका भित्र व्यक्तिगत वा संस्थागत रुपमा व्यवसाय कर कडाईका साथ लागु गर्ने नीति बनाईनेछ ।

- कर नीति र करको सिद्धान्तलाई मुल मर्म बुझी करदाता सेवा कार्यालयको सहकार्यमा नगरको कर नीति बनाईनेछ ।
- बढी कर तिर्ने प्रत्येक वडाका करदातालाई सम्मान गर्ने नीति लिईनेछ ।
- राजस्व साम्भवयता  अध्ययन मार्फत करको दायरालाई विस्तार गरिनेछ ।

## नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन , २०७४
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्ड
- राजस्व परामर्श समितिका प्रतिवेदन
- श्रोत-साधन
- विकासका अन्तरसमबन्धित विषयहरु
- श्रोत तथा बजेट सीमा निर्धारण समितिको सिफारिस
- संघीय र मधेश प्रदेशको बार्षिक बजेट
- संघीय र प्रदेश सरकारका विभिन्न परिपत्र तथा निर्देशनहरु ।

**आतेश कुमार सिंह**
**नगर प्रमुख**